नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१००

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०१।२१

तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभरि फैलिएको नयाँ प्रजाती (भेरियन्ट) सहितको कोभिड -१९ को महामारी संक्रमण तनहुँ जिल्लामा पनि बढ्दै गएको विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०१।०६ को बैठकको निर्णय र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०१।२१ को निर्णय अनुसार सङ्क्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०१।२२ गते राती १२.०० बजेदेखि मिति २०७८।०१।३१ गते राती १२.00 बजेसम्म जिल्लाको ऋषिङ गा.पा. को वडा नं. २, ३,४,५,६,७ र ८ तथा घिरिङ गा.प.का सम्पूर्ण वडाहरु बाहेक अन्य क्षेत्रमा लागु हुनेगरी देहायको आदेश बमोजिमको निषेधाज्ञा जारी गरिएको छ । यो आदेश पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएका संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

१. सञ्चालन गर्न पाईने सेवा र कार्यहरु (स्वास्थ्य र सुरक्षाका सबै मापदण्ड पूरा गरेर मात्र)

(क) अत्यावश्यक सेवाहरु जस्तैः एम्बुलेन्स, ग्यास, पेटोलियम पदार्थ, खानेपानी, औषधि तथा उपचार सामाग्रीहरु, स्वास्थ्य संस्था, अस्पताल, दुरसञ्चार, इन्टरनेट, फोहरमैला व्यवस्थापन, बैंकको ए.टि.एम. सेवा, डाँक सेवा र सार्वजनिक निर्माण सम्बन्धि कार्यहरु ।

(ख) खाद्यान्न, तरकारी, फलफूल, दुध र दुधजन्य पदार्थको उत्पादन र बिक्रि वितरण । (विहान ५:०० बजे देखि ९:०० बजे सम्म र साँझ ५:०० बजे देखि ७:०० बजे सम्म मात्र)

(ग) निर्माण सामाग्री पसल र सार्वजनिक निर्माणका लागि ढुवानी गर्ने साधन सञ्चालन । (दिउसो ११:०० देखि ४:०० बजे सम्म)

२. सवारी पास लिएर संचालन गर्न सक्ने सेवा र कार्यहरुः-

(क) माथि उल्लेख भएका बाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने, विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनु पर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने ।

(ख) सञ्चारकर्मीको हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचय पत्रको आधारमा आवत जावत गर्न दिने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३

फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/

चलानी नम्बर

मिति-:२०७८।०१।२१

३. सभा, सम्मेलन र सामाजिक कार्य सम्बन्धमा:-

(क) सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकूद, तालिम, सेमिनार, भौतिक उपस्थितीमा गरिने शिक्षण प्रशिक्षण र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम बन्द गर्ने।

(ख) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

(ग) सामाजिक र साँस्कृतिक कार्यहरु विवाह, व्रतबन्ध लगायतमा १५ जना भन्दा बढी सहभागी नहुने र सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि पूर्व स्वीकृति लिएर मात्र संचालन गर्ने गराउने।

४. कार्यालय सञ्चालन सम्बन्धमा:-

(क) अत्यावश्यक सेवा संचालन गर्ने बाहेकका कार्यालयहरुले सेवा प्रवाह बन्द गरी आन्तरिक कार्य मात्र गर्ने गराउने।

(ख) सरकारी कार्यालय र अन्य सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुको सवारी साधनको हकमा परिचय पत्रको आधारमा आन्तरिक आवतजावत गर्न दिने।

५. जिल्ला भित्र र जिल्ला बाहिर चल्ने निजी र सार्वजनिक सवारी साधनहरु सवारी पास बेगर संचालन गर्न नपाईने।

६. बैंक तथा बित्तिय संस्थाहरुबाट प्रवाह हुने सेवा शाखा प्रबन्धकले स्वास्थ्य तथा सुरक्षाका सबै मापदण्ड पूरा गराई न्यूनतम कर्मचारीको उपस्थितीमा संचालन गर्ने।

७. सार्वजनिक निर्माण कार्यमा खटिने जनशक्तिलाई निर्माण स्थलमा नै खाने बस्ने प्रबन्ध गर्नुका साथै स्वास्थ्य तथा सुरक्षाका सबै मापदण्डको पूर्ण पालना गर्ने गरि संचालन गर्ने गराउने।

८. भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रुपमा १० दिन क्वारेण्टाईनमा बस्ने।

(समिर आचार्य)

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी